# महालेखापरीक्षकको

# वार्षिक लेखापरीक्षण प्रतिवेदन

# २०७७

## पूर्वीचौकी गाउँपालिका

## डोटी ।




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्या:२०७६/७७
च.नं ४६१

मिति: २०७७/३/२४


श्री अध्यक्षज्यू,
पूर्वीचौकी गाउँपालिका, डोटी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम ... लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या:२०७६/७७

मिति: २०७७/३/२४

च.नं ४७०

श्री अध्यक्षज्यू,
पूर्वीचौकी गाउँपालिका, डोटी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले पूर्वीचौकी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तह सङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.९६ लाख ५८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु.५७ लाख ३३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१३ लाख ४४ हजार नियमितगर्नुपर्ने रु.२५ लाख ८१ हजार रहेको छ ।

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.n Website : www.oagnep.gov.np

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना (३५) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसगं हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६।१२।२४

(चन्द्रकान्त भण्डारी)

नायब महालेखापरीक्षक

# पूर्विचौकी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न  स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले पूवीचौकी गांउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ, गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउपालिका अर्न्तगत ७ वडा रहेको ३९ सभा सदस्य ११७.६६ व.की.मी. क्षेत्रफल, २२४८३ जनसंख्या र सात नंम्वर प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ३२५५६४९६.४ | १ | **चालु खर्च** | २४८१७०४९०.७ |
| | क) नगद | | ० | २ | **पूँजीगत खर्च** | ९४८६२२०९.५ |
| | ख) बैंक | ३२५५६४९६.४ | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ०० |
| २ | **राजस्व (आन्तरिक आय)** | | १०५५८५० | | क) ऋण भुक्तानी | ० |
| | क) आन्तरिक राजस्व | १०५५८५० | ० | | ख) ब्याज भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | | ० | | ग) अन्य भुक्तानी | ० |
| | ग) अन्य आय | | ० | ४ | **लगानी** | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | ३२१५३३८८६.४ | | ऋण लगानी | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ८१९००००० | ० | | शेयर लगानी | ० |
| | ख) सशर्त अनुदान | १३४३५१००० | ० | | अन्य लगानी | ० |
| | ग) राजश्व वाडफाड | ५३६७६८३६.४ | ० | ५ | **धरौटी फिर्ता** | ० |
| | घ) अन्य शसर्त | ५१६०६०५० | ० | ६ | **कोष खर्च** | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १७२४६१७४.१ | ७ | **मौज्दात** | १२२४१४६४.७३ |
| | क)वित्तीय समानीकरण अनुदान | ६७६२००० | ० | | क) नगद मौज्दात | ० |
| | ख) प्रोत्साहन अनुदान | १०००००० | ० | | ख) बैंक मौज्दात | ० |
| | ग) समपूरक अनुदान | ३७८८००० | ० | ८ | **निकासा फिर्ता** | १७५८०६५३.२ |
| | घ) विशेष अनुदान | ४२००००० | ० | | | ० |
| | ङ) राजश्व वाडफाड | १४९६१७४.१ | ० | | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | | ० |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | | ० |
| | क) ऋण प्राप्ति | | ० | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | ० |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ० | | | ० |
| ८ | **जनसहभागिता (नगद)** | | ० | | | ० |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ० | | | ० |
| १० | **धरौटी आय** | | ० | | | ० |
| ११ | **लगानीको साँवा फिर्ता** | | ० | | | ० |
| १२ | **अन्य विविध आय** | | ४६२४११.२ | | | ० |
| | | **जम्मा** | **३७२८५४८१८.१३** | | **जम्मा** | **३७२८५४८१८.१३** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार २०७५ आषाढ १० गते बजेट नगर सभाबाट पारित भएको छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार देहायका शीर्षकहरुमा सशर्त अनुदानबाट प्राप्त रकममध्ये खर्च गर्न बाँकी रहेको रु.५,३१,२९,०४८/- फ्रिज भएको र रु.१,२३,२९,७९५। संघीय सञ्चित कोषमा रु.३७,९९,१५८.०० प्रदेश सञ्चित कोषमा २०७६।३।३१ मा दाखिला गरेको छ ।<br><br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्दताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७६/८/१४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्: | |
| | **लेखापरीक्षणको क्रममा असुली भई रु.११,६००। दाखिला भएको छ ।** | |
| | **वित्तिय लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १. | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खचंको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २. | **गत वर्षको जिम्मेवारी नभिडेको :** गतवर्षको अन्तिम मौज्दात र यो वर्षको शुरुको मौज्दात एक आपसमा भिड्नुपर्दछ । गतवर्ष २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनमा मौज्दात रु. **३,२१,२७,४३०.६५** रहेको देखिन्छ । सोही रकम नै यो वर्षको शुरु मौज्दात हुनुपर्नेमा रु.**३,२५,५६,४९६.४** जिम्मेवारी सारेकोले रु.**४,२९,०६५.७५** बढी जिम्मेवारी सारेको देखियो । बढी रकम कसरी रहन आयो । आम्दानीको श्रोत सहित हिसाब मिलान हुनुपर्दछ ।. | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३. | **बैंक हिसाब :** गाउँपालिकाको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान हुनुपर्दछ । गाउँपालिकाको आयव्यय विवरण अनुसार (स्रेस्ताअनुसार) आषाढ मसान्तको मौज्दात रु.३२५५६४९६।४ देखिएको छ, तर मिति २०७६।३।३१ को बैंक स्टेटमेन्ट अनुसार देहायका बैंक खातामा जम्मा रु.**४६४२८६१९.४३** मौज्दात देखियो । गाउँपालिकाको स्रेस्तामा र बैंक हिसाबमा रु.१३८७२१२३।०३ फरक परेको देखिएकोले सो फरक हिसाब सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी हिसाव मिलान गर्नुपर्दछ । | |
| ४. | **वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाकले प्रत्येक वर्ष साउन एक गते देखि आगामि वर्षको असार मसान्तसम्म्को अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । साथै गाउँपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब अद्यावधिक नरहेको, पेश्की खाता नराखेकोले कार्यालयले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सकिएन ।<br>• बैंक हिसाब समायोजनको विवरण प्राप्त हुन नसकेको ।<br>त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ । | |
| ५. | **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा गाउँपालिकाले ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६. | **श्रोतअनुमान तथा बजेट सिमा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा गर्दा मार्गदर्शन लगायतका कार्य गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सिमा समिति गठनको व्यवस्था छ । तर गाउँपालिकाले उक्त समितिले गठन गरेको पाईएन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | त्यसैले कानून बमोजिम समितिको गठन गरी गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, बजेट सिमा निर्धारण र सोही अनुसार गाउँ सभामा बजेट तथा कार्यक्रम पेश तथा पारित गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ७. | **खर्च गर्ने अख्तियारी:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने ब्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको पाइएन । अत: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने  पर्दछ  । | |

**८.** **क्षेत्रगत बजेट र खर्चको स्थिति:** मिति २०७५/३/३१ मा नगरसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ:

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १४५२९००० | ६५६२७८३ | ३.८६ |
| २ | पुर्वाधार विकास | ५७२६२००० | ४७९८९९५५ | २८.२६ |
| ३ | सामाजिक विकास | २९०२०००० | २७२८३५६० | १६.०७ |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ४२००००० | ३९५९९६० | २.३३ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३९४८०००० | २६४०४४८१ | १५.५५ |
| ६ | प्रधानमन्त्री रोजगार कार्यकम | ४९२२००० | ४६३२३७० | २.७३ |
| ७ | झोलङ्गेपुल क्षेत्रगत कार्यकम | ४००००० | ३८४९०० | ०.२३ |
| ८ | बहुक्षेत्रिय पोषण कार्यकम | १४०२००० | १३२७०५० | ०.७८ |
| ९ | प्रदेश सरकार विशेष अनुदान | ४२००००० | ४१८८८४२ | २.४७ |
| १० | गरिबसग्ग विश्वेश्वर कार्यकम | ३९४००० | ३७२२०५ | ०.२२ |
| ११ | स्थानिय निकाय निशर्त पुजिगत अनुदान | २५००००० | २४४५२३८ | १.४४ |
| १२ | प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यकम | ३०५००० | ३०५००० | ०.१८ |
| १३ | सामाजिक सुरक्षा | ४५०५१००० | ४३९४६४०० | २५.८८ |
| | | **जम्मा** | **१६९८०२७४४** | |

उपरोक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी २८.२६ प्रतिशत र घटीमा ०.१८ प्रतिशत रहेको छ । घटी कार्यक्रम सञ्चालन हुनाको कारण स्पष्ट भएको छैन ।

**९.** **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति :** नगर सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ:

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क्र.स. | क्षेत्र | बजेट | खर्च | खर्च % (कुल पूर्वाधार बजेट खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | सडक | २०९७०००० | १८५५९७५९ | ३८.६७ |
| २ | खानेपानी | ११०३१००० | १०७१४१३८ | २२.३३ |
| ३ | सिंचाई | १०३३१००० | ९४९२९७६ | १९.७८ |
| ७ | झोलुङ्गे पुल | १०००००० | ९३३८७० | १.९५ |
| ८ | अन्य | १३९३०००० | ८२८९२११ | १७.२७ |
| | **जम्मा** | **५७२६२०००** | **४७९८९९५४** | |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण र सिचाईमा क्रमशः ३८.६७%, १९.७८%, तथा समग्रमा स्वीकृत लक्ष्य अनुसार प्रगति हुन सकेको छैन ।

**१०.** **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१६ लाख ७३ आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.१०,५५,८००। लाख हजार अर्थात अनुमान भन्दा ३६.८९ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**११.** **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २८,३६,०७,०५०/०० | १०,५५,८००।०० | ०.३७ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३७ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**१२.** **आयव्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| १३. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १४. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १५. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १६. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br>• गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>• गाउँपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>• गाउँपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको,<br>• गाउँपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>• गाउँपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।<br>• सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>• गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।<br>• महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • विगत वर्षको बेरुजु लगत अद्यावधिक गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| १७. | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७५।७६ को आन्तरिक लेखापरीक्षण गराएकोमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वेरुजुको कुनै पनि कारवाही गरेको छैन । ऐनमा भएको व्यबस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| १८. | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १९. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| २०. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| २१. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ। स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा यो बर्ष रु.५ लाख जम्मा गरेको र गत आर्थिक बर्षको रु.४,९७,०००। समेत रु.९,९७,०००। जम्मा गरेको देखियो । | |
| २२. | **तलबी प्रतिबेदन :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका (विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.७८,४५,७२५.१५ तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| २३. | **कर्मचारी ब्यवस्था :** कार्यालयले उपलब्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी ३३ रहेता पनि पदपूर्ति ११ मात्र रहेको देखियो । रा.प.तृतिय अधिकृतसहित २२ पद रिक्त रहेका छन् । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| २४. | **चौमासिक खर्चः** गाउँपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छ । | |

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | चालु | २४९८०९६९०.७ | ६२५६३९९०.४ | ६३६२९०४९.०० | १२३५५७२५१.०० | ६४१६७८७१.०० |
| २ | पुजिगत | ९५०५१८९४.०० | ७१५७४९.०० | ३५१७८९०२.०० | ५८९६०३५.५ | २२९४२४६०.०० |
| | जम्मा | ३४४८६१५८४.७ | ६३२७९७३९.४ | ९८८०७९५१.०० | १२९४५३२८६.०० | ८७११०३३१.०० |
| | प्रतिशत | | १८.३५ | २८.६५ | ३७.५४ | २५.२६ |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३४ करोड ४८ लाख ६२ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.६ करोड ३२ लाख ८० हजार अर्थात १८.३५ प्रतिशत, दोश्रो चौमासिकमा रु.९ करोड ८८ लाख ८ हजार, अर्थात २८.६५ प्रतिशत र तेश्रो चौमासिकमा रु.१२ करोड ९४ लाख ५३ हजार, अर्थात ३७.५४ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८ करोड ७१ लाख १० हजार अर्थात २५.२६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

**२५.** **प्रशासनिक खर्चः** कुल आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको सीमा निर्धारण गरी खर्च गर्नुपर्नेमा सो सीमा निर्धारण नगरेकोले कुल आय १०,५५,८००। को शत प्रतिशत नै प्रशासनिक खर्च गरेको पाईयो । प्रशासनिक खर्चको सीमा निर्धारण गर्नु पर्दछ ।

**२६.** **सेवाप्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार १० वटा ऐन, २ वटा नियमावली र ११ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो ... तथा नयाँ ...) | ६ |
| २ | अस्थायी इजाजत प्रदान Lower Tie Bim Level | ० |
| ३ | स्थायी इजाजत प्रदान DPC Level 2074/75 | १ |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | १ |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | १ |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | ४ |
| | **पञ्जिकरण तर्फ** | |
| ७ | जन्मदर्ता | २६१२ |
| ८ | मृत्यू दर्ता | २०८ |
| ९ | बसाईसराई दर्ता | १०१ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १० | बिबाहदर्ता | २२० |
| ११ | सम्बन्ध विच्छेद दर्ता | ० |
| | **अन्य सिफारिस** | |
| १२ | घरबाटो सिफारिस | २८ |
| १३ | नागरिकता सिफारिस | ३८७ |
| १४ | नाता प्रमाणित | २०६ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनको स्थिति सन्तोषजनक देखिएन ।

**२७.** **न्यायिक समितिको वार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम गाउंपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः गाउँसभामा पेश गर्नुपर्दछ ।

**२८.** **न्यायिक समिति र न्याय सम्पादन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| ५ | ५ | ० |

**कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा**

**२९.** **लक्ष्य प्रगति :-** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका कार्यक्रम ३१४ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/ योजना | यो वर्ष कुलकार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्यप्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
| कार्यक्रम सङ्ख्या | ३१४ | १७ | ० | ० | २९७ |

**३०.** **योजनागत लक्ष्य प्रगति** : यस गाउँपालिका अन्तर्गत २०७५।७६ मा क्षेत्रगत तथा समानीकरण अनुदान

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समेत ३१४ योजना स्वीकृत गरेका योजनामा १७ वटा योजनाहरु शुन्य प्रगति र २९७ वटा योजनाहरु ७५ प्रतिशत भन्दा माथि प्रगति भएको उल्लेख छ । शुन्य तथा कम प्रगतिका सम्बन्धमा गाउँपालिकाले स्पष्ट गरेको छैन । अतः कार्यान्वयन योग्य योजना तथा कार्यक्रमको पहिचान गरी समयमै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३१. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ । | |
| ३२. | **सभाको निर्णय कार्यान्वयन-** मिति २०७५।३।३२ मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत ३१४ वटा कार्यक्रमको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३३. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाउँ प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| | **राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ३४. | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।। | |
| ३५. | **रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्इबस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ३६. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएतापनि यस्तो कर संकलन गरेको छैन । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३७. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३८. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| ३९. | **राजश्व दाखिला** : प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अर्न्तगत ७ वटा वडा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरण पेश गरेको छैन । | |
| | **खरिद व्यबस्थापनको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ४०. | **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९४८६२२०९।५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ४१. | **सवारी साधन खरिद–** स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । नगर पालिकाले यस वर्ष २ वटा बस, १ वटा डोजर २ वटा मोटरसाइकल, १ वटा स्कुटर खरिद गरी निम्नानुसार रु.२ करोड १२ लाख ३१ हजार खर्च गरेको छः | |

| सि.नं | सवारी साधन | संख्या | यस आ.व.मा खरिद भएका |
|---|---|---|---|
| १ | डोजर | १ | १२३६२४५०.०० |
| २ | बस | २ | ८१७६००२.० |
| ३ | मोटरसाइकल | २ | ४८१८०० |
| ४ | स्कुटर | १ | २१०९०० |
| | जम्मा | | २१२३११५२/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त बमोजिम गाउँपालिकाको आफ्नो आन्तरिक आय रु.१०,५५,८००। मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन । | |
| ४२. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४३. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनी व्यवस्थाको पालना भएको पाईएन । | |
| ४४. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ४५. | **खर्च अनुमोदन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण  पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ४६. | **योजना हस्तान्तरण**: निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा  कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका  सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ४७. | **सार्वजनिक तथा सामाजिक  परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सवै निर्माण कार्यको सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने ब्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४८. | **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप, ग्याबियन, सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ४९. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु.१ लाख सम्म: ४० ; रु. १ देखि २ लाख सम्म: ५२ ; रु. ३ देखि ४ लाख सम्मका: ३० ; रु. ४ देखि ८ लाख सम्मका: २० ; रु. ८ लाख भन्दा बढिका: १४ ; जम्मा: १५६<br><br>उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु १० हजार देखि रु.५२ लाख सम्मका जम्मा १५६ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ४० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धैरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ५०. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख | |

| रु.१ लाख सम्म | रु. १ देखि २ लाख सम्म | रु. ३ देखि ४ लाख सम्मका | रु. ४ देखि ८ लाख सम्मका | रु. ८ लाख भन्दा बढिका | जम्मा |
|---|---|---|---|---|---|
| ४० | ५२ | ३० | २० | १४ | १५६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ५१. | **उपभोक्ता समितिबाट निर्माण कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउदा सम्पूर्ण निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर मेशिनको प्रयोग गर्न नहुने उल्लेख छ । नियमावलीको नियम ९७ (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाँच गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको अंशसमेत कुलखर्चको विवरण सो निकायमा भुक्तानीको लागि पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष समानीकरण तथा सशर्त अनुदान (पूँजीगत) तर्फ सञ्चालित कार्यक्रमको विनियोजन भएको बजेट अनुसारको योजनागत सम्झौता सम्पन्न भएको उल्लेख छ । कार्यालयले अभिलेखको रुपमा ई.नापी कितावमा निर्माण कार्यमा लोडर, एक्साभेटर लगायतका मेशिन प्रयोग गर्ने गरी स्वीकृत लागत अनुमान अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानीतर्फको सम्झौता अंकबाट कुल मूल्याङ्कन भएको कामको मूल्यमा ८० प्रतिशत यकिन गरी सम्झौता भएअनुसारको पुरै रकम भुक्तानी दिई बिलको मुल्याङ्कनमा बाँकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको श्रमदानको अंश भनि उल्लेख गरेको देखियो ।<br><br>यसरी मूल्याङ्कन गर्दा अधिकाशं योजनामा कुल काम कम देखिँदा उपभोक्ताको अंश न्यून देखिने अवस्था भएकाले स्वीकृत लागत अनुमानभन्दा वास्तविक कामको मूल्याङ्कन बिल अधिक देखाई कार्यालयबाट भुक्तानी हुने अंश पुरै भुक्तानी दिने र उपभोक्ताको अंश कम देखिने समस्यालाई टेवापुग्ने गरी लागत अनुमानभन्दा बढी कामको बिल बनाई पेश गर्ने गरेको अवस्था देखियो । उपभोक्ता समितिलाई भेरिएशन स्वीकृत गर्न नमिल्ने नियमावलीको व्यवस्था विपरीत प्राविधिकहरुले लागत अनुमानभन्दा बढीको उपभोक्ता समितिको कामको विल तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने गरेकाले यस्तो प्रबृतिमा नियन्त्रण हुनु पर्दछ । | |
| ५२. | **मूल्य अभिवृद्धि कर:** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १७ मा मू.अ.करमा दर्ता भएको फर्मले रितपूर्वक विल जारी गर्नुपर्दछ । विल जारी नगरी रकम लिएमा भुक्तानी लिएको रकम भित्र रहेको मू.अ.कर रकम सम्बन्धित फर्मले आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्दछ । उपभोक्ता समितिले सडक निर्माण गर्ने सिलसिलामा प्रयोग गरेका मुल्य अभिबृद्धि करमा दर्ता भएका विभिन्न कम्पनीको एक्साभेटरका फर्मले एक्साभेटर डोजर प्रयोग गरे वापत रितपूर्वकको कर विजक जारी नगरी सेतो कागजमा भरपाई दादै गरी उपभोक्तासँग रकम बुझेको देखियो । यसरी मू.अ.करमा दर्ता भएका फर्मले रितपूर्वकको कर विजक | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | जारी नगर्दा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मू.अ.कर असुल नभएको देखियो । त्यस्ता एक्साभेटर एवं डोजरको भाडामा भाडा कर १० प्रतिशत कट्टी गर्ने गरेको पनि देखियो । उपभोक्ताले डोजरमा प्रयोग हुने तेल छुट्टै विलबाट खरिद गरी डोजरमा प्रयोग गरेको अवस्थामा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने १३ प्रतिशत मू.अ.कर छुट भएको हुदाँ सम्बन्धित निर्माण व्यवासयी मार्फत छुट भएको मू.अ.कर ऐन, २०५२ अनुसारको मू.अ.करमा लाग्ने जरिवाना समेत हिसाव गरी छुटकर छानविन गरी असुल गर्नुपर्ने रु. | १२२७२४८/- |

| भौ.नं.,मिति | उपभोक्ताको नाम | निर्माण व्यवसायी | डोजर भाडा | विल रकम | मू.अ.कर |
|---|---|---|---|---|---|
| १३०/०७६/१/३० | साफ घाट देखि फिग्राना सम्म स.उ.स | हिमचुली टेडर्स, | ६३७००० | ५६३७१७ | ७३२८३.२ |
| २०६/०७६/३/२५ | | बृज ब.खड्का सोभित कन्स्ट्क्सन | ३८२५०० | ३३८४९६ | ४४००४.४ |
| २०४/०७६/३/२५ | चिनेकोट गैरागाउँ स.उ.स. | रोशन निर्माण सेवा, ,सुरेन्द्र अवस्थी | ३८०००० | ३३६२८३ | ४३७१६.८ |
| २०१/०७६/३/२५ | साफ घाट गैरागाउँ वडा कार्यालय स. | बृज ब.खड्का शोमित कन्स्ट्रक्सन | ३८४५०० | ३४०२६५ | ४४२३४.५ |
| २००/०७६/३/२५ | साफ घाट गैरागाउँ वडा कार्यालय स. | बृज ब.खड्का शोमित कन्स्ट्रक्सन | ५३२४४२ | ४७११८८ | ६१२५४.४ |
| ४०/७५/११/३ | साफ घाट गैरागाउँ वडा कार्यालय स. | बृज ब.खड्का शोमित कन्स्ट्रक्सन | ५०५६२५ | ४४७४५६ | ५८१६९.२ |
| १९९/०७६/३/२५ | चिनेकोट गैरागाउँ स.उ.स. | रोशन निर्माण सेवा,सुरेन्द्र अवस्थी | ८५५०० | ७५६६३.७ | ९८३६.२८ |
| १९५/०७६/३/२४ | छोरेदह भवानी आ.वि.वगाडा स.नि.उ.स. | नेत्रेश्वरी निर्माण सेवा३००१३०८९२ | ३७९९५० | ३३६२३९ | ४३७११.१ |
| १९१/०७६/३/३० | सिमलडाँडा गाजरी वडा कार्यालय सम्म स.नि.उ.स | जयभवानी भवानी,गणेश ब.ऐन | ९४५००० | ८३६२८३ | १०८७१७ |
| १८६/०७६/३/१७ | तिखाकोट तल्लो सिखाडा स.नि.उ.स | बृज ब.खड्का शोमित कन्स्ट्रक्सन | २०५५९९ | १८१९४६ | २३६५३ |
| ७७/०७५/१२/१२ | तिखाकोट तल्लो सिखाडा स.नि.उ.स | बृज ब.खड्का शोमित कन्स्ट्रक्सन | ५९५००० | ५२६५४९ | ६८४५१.३ |
| १७४/०७६/२/२८ | गौमाता पोखरी सडक नि.उ.स | देवेन्द्र खड्का नेत्र निर्माण सेवा३०२४५३९४० | ९६००० | ८४९५५.८ | ११०४४.२ |
| १६१/०७६/२/१७ | सिमलडाडा थापागाउँ सान्तोला स.नि.उ.स | बृज ब.खड्का शोमित कन्स्ट्रक्सन | १०६४००० | ९४१५९३ | १२२४०७ |
| १५७/०७६/२/१५ | शान्तीनगर बगलेक स.नि.उ.स. | बृज ब.खड्का शोमित कन्स्ट्रक्सन | ६०७५०० | ५३७६११ | ६९८८९.४ |
| १२५/०७६/१/३० | भारतोली कुडासैन स.नि.उ.स. | छत्र ब.कठायत आई.एस. कन्स्ट्रक्सन ३०१४४१९५१ | ६५७९७५ | ५८२२७९ | ७५६९६.२ |
| ९६/०७५/१२/२२ | रातीमाटा डाडाखर्क स.नि.उ.स. | हरीओम एण्ड खड्क निर्माण सेवा,झंकार ब.साउद | १९०००० | १६८१४२ | २१८५८.४ |
| ९२/०७५/१२/१३ | किमुगडमान उपरकाडा सम्म स.नि.उ.स. | छत्र ब.कठायत आई एस कन्स्ट्क्सन (३०१४४१९५१) | ४१८२४२ | ३७०१२६ | ४८११६.३ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ९०/०७५/१२/१३ | भडेतोला बुढाखोला स.नि.उ.स. | कुमाल एल.के.निर्माण सेवा प्रा.लि.बृज ब.खड्का | ५२१००० | ४६१०६२ | ५९९३८.१ |
| ८३/०७५/१२/१३ | सिमलडाडा बाक्कोट स.नि.उ.स | कुमाल एल.के.निर्माण सेवा प्रा.लि.बृज ब.खड्का | १४०००० | १२३८९४ | १६१०६.२ |
| ७६/०७५/१२/१२ | च्याउकाट्ने धौलाबस्ती विनिगडा रिमकोट स.नि.उ.स | कुमाल एल.के.निर्माण सेवा प्रा.लि.बृज ब.खड्का | ५८८००० | ५२०३५४ | ६७६४६ |
| ७५/०७५/१२/११ | पडविना देउरामहल स.नि.उ.स | नेत्र निर्माण सेवा३०२४५३९४० | २८४२१४ | २५१५१७ | ३२६९७.२ |
| ७४/०७५/१२/११ | गाजरी पोखरी ढुंग्रेखोला स.नि.उ.स. | नेत्र निर्माण सेवा३०२४५३९४० | ४२७१७० | ३७८०२७ | ४९१४३.५ |
| ५४/०७५/११/१२ | सुक्ली भारी खाटगाउँ डजलबस्ना स.नि.उ.स | श्रीपुर विल्डर्स कैलानी,अर्जुन ब.विष्ट ३०५४९२२३४ | ५३०४०० | ४६९३८१ | ६१०१९.५ |
| ४६/०७५/११/१४ | मराउलेगडा लोटखल्ले कोटडाडा स.नि.उ.स. | कुमाल एल.के.निर्माण सेवा प्रा.लि.बृज ब.खड्का | ११०००० | ९७३४५.१ | १२६५४.९ |
| | | | | जम्मा | १२२७२४८/ |

| | | |
|---|---|---|
| ५३. | **काठ खरिद :** ८०।०७५।१२।१२,२०५।०७६।३।२५ सरसस्वती मावि क्यान्टिन तथा चर्पी निर्माण उ.स.लाई भवन निर्माणकार्य सम्पन्न गरेवापत दुईकिस्तामा रु.३७७९८७५। भुक्तानी भएको छ । उपभोक्ताले पेश गरेको संलग्न ठेक्का विलमा सालको चौकोष ०.७८ घनमीटरको रु.१,६०,००२। र खापा २४.२३ स्क्वायर फिटको रु.३०९६४०। समेत रु.४,६९,६४२। भुक्तानी भएको उल्लेख छ । संलग्न फाँटवारीमा काठको सामाग्री खरिद विल संलग्न नभएको हुँदा सोको प्रमाण पेश हुनुपर्ने रु. | ४६९६४२/- |
| ५४. | **क्षेत्र बाहिर काम:** २०२।०७६।३।२५ गाँउपालिकाले रकम खर्च गर्दा गाँउपालिका भित्रमात्र खर्च गर्नुपर्दछ । गाउँपालिकाले नेपाल पत्रकार महासंघ शाखा कार्यालय सिलगढी, डोटीको भवन निर्माण वापत रु.९५,०००। भुक्तानी दिएको देखियो । गाउँपालिकाले आफ्नो क्षेत्र बाहिर रकम दिन पाउने देखिदैन । साथै संलग्न फाँटवारीमा भवन वनाउन के कति लागत लाग्ने हो सोको लागि के कुन निणर्यबाट केकति रकम उपलव्ध हुने हो सोको समेत विवरण उपलव्ध देखिएन । अन्यत्र स्थानीय निकायबाट समेत रकम उठाई रहेको अवस्थामा उक्त रकम प्रयोगको सुनिश्चितता भएको प्रमाण पेश गर्नुपर्ने रु. | ९५०००/- |
| ५५. | **ग्याविन वक्स:** १०५।०७६।१।२४ तल्लो पातला स्याउले तटवन्ध निर्माण उपभोक्ता समितिलाई तटवन्ध निर्माण कार्यसम्पन्न गरेवापत रु.३,०४,०००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फाँटवारीमा ठेक्का विलमा २×१×१ साइजको ग्याविन वक्स ३० घनमीटर र ३×१×१ साइजको ग्याविन वक्स ३० घनमीटर चढाई भुक्तानी दिएको देखियो । सोही फाँटवारीमा उपभोक्ताले ३×१×१ साइजको ग्याविन वक्स २४ वटा मात्र बन्ने खरिद गरेकोले ६ घनमीटर बढी ग्याविन वक्स भएको देखाई प्रति घनमीटर रु.५,६९९। | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | को दरले हुने रु.३४,१९४। बढी भुक्तानी भएको हुँदा बढी भएको रकममा उपभोक्ताको अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु. | ३४१९४/- |
| ५६. | **अुनपातिक कट्टीः** १५८।०७६।२।१५ घडौन झोलुङ्गेपुल निर्माण उ.स.लाई पुल निमार्ण अन्तरगत को कार्य सम्पन्न गरेवापत रु.९३३८७०। भुक्तानी दिएको फाँटवारी परीक्षण गर्दा उपभोक्ताले १०५० केजी मात्र ग्याविन तार खरिद गरेको छ । दरविश्लेषण अुनसार उक्त तारबाट २×१×१ साइजको ८० वटा मात्र ग्याविन वक्स मात्र बन्दछ। यसबाट १६० घनमीटरको रकम भुक्तानी गर्नुपर्ने ठेक्का विलमा १०० घनमीटर चढाई प्रति घनमीटर रु.२८५४। को दरले २० घनमीटरको रु.५७०८०। र ३×१×१ साइजको खरिद वेगर नै ५० घनमीटर रु.२१३०६२। समेत रु.२७०१४२। बढी भुक्तानी भएकोमा बढी भएको रकममा उपभोक्ता समितिको अुनपातिक कट्टी गरी वढी भुक्तानी रकम सम्बन्धीत उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. | २७०१४२/- |
| ५७. | **घरभाडा २।२०७५।५।१९ :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(४) अनुसार घर भाडा निर्धारण समितिको निर्णय अनुसार भाडा निर्धारण गरेपछि मात्र सम्झौता गरी भाडा खर्च लेख्नुपर्ने व्यवस्था छ । मासिक २५०००। भाडा निर्धारण गरि सम्झौता अनुसार घरधनी श्री लक्ष्मण वहादुर खडकालाई आार्थिक वर्षमा रु.३,००,०००। भुक्तानि भएको छ । नियममा भएको व्यवस्था परिपालना वेगर नै घरभाडा लिने कार्य नियम सम्मत देखिएन । | |
| ५८. | **नपाउने खर्च भुक्तानि** : १०९।२०७५।१०।१६ कार्यालयले सरकारी रकम निजी प्रयोगमा खर्च गर्नु हुदैन । कार्यालयले ना.४८.प.७७१४ नम्वरको निजी मोटरसाइकल मर्मत गरेको गर्तौला अटो वर्कसपवाट मर्मत गरि मर्मत खर्च वापतरु १५५००। भएकोमा उक्त रकम असुल हुनुपर्ने देखिएको रु | १५,५००/- |
| ५९. | **अग्रीम कर  कटी नभएको :** २६०।०७६।३।२० आयकार ऐन २०५८ को दफा ८८ अनुसार सेवा भुक्तानीमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाको विभिन्न सूचनाहरु संचार गरेवापत रेडियो सुन्दर आवाज ९५ MHz लाई भुक्तानि भएको रु १,००,०००। मा १.५ प्रतिशत मात्र कर कट्टा भएकोले नपुग भएको कर  रु.१३,५००। असुल हुनुपर्ने रु. | १३५००/- |
| ६०. | **सरकारी मोटरसाइकलः** गाउँपालिकाले से.७.प १६८८,से.७.३७११ नम्वरका सरकारी मोटरसाइकलहरु निजी नम्वर प्लेटमा नै राखि राखेमा यसको दुरुपयोग हुनसक्ने जोखिम रहेको  हुदा यथाशिध्र सरकारी नम्वरमा परिणत गनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६१. | **न्यायिक समितिको भत्ता :-** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गउपालिकाले न्यायिक समितिबाट वैठकको निर्णयको अभिलेख राख्नुपर्ने र उपदफा २ बमोजिम समितिले गरेको कामको वार्षिक विवरण प्रमुखमार्फत सभामा पेश गर्नुपर्ने र उक्त वैठक वापत रु.५००। को दरले भत्ता पाउने व्यवस्था भएकोमा न्यायिक समतिको वैठक मा प्रदेश ऐनले तोके भन्दा वढी दरले भुक्तानि दिएको असुल हुनुपर्ने देखिएको रु | ३५०००/- |

| सि.न | पद र नाम | पटक | भुक्तानि भएको दर | भूक्तानि रकम | प्रदेशले तोकेका दर | भूक्तानि हुनुपर्ने रकम | करवाहेकको असुल हुनुपर्ने |
|---|---|---|---|---|---|---|---|
| उपाध्यक्ष | निर्मला साउद | ८ | १५००/ | १२०००/ | ५००/ | ४०००/ | ६२००/ |
| वडा सदस्य | मनिषा धानुक | ८ | १५००/ | १२०००/ | ५००/ | ४०००/ | ६२००/ |
| वडा सदस्य | स्मृती चुनारा | ८ | १५००/ | १२०००/ | ५००/ | ४०००/ | ६२००/ |
| म.वि.का | कल्पना थापा | ८ | १५००/ | १२०००/ | ५००/ | ४०००/ | ६२००/ |
| का.स | डम्वर व. खडका | ८ | १५००/ | १२०००/ | ५००/ | ४०००/ | १०२००/ |
| | | | | | | **जम्मा** | **३५०००/** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६२. | **न्यायिक समितिको अभिलेख :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५३ बमोजिम गउपालिकाले न्यायिक समितिबाट भएका मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख राख्नुपर्ने र उपदफा २ बमोजिम समितिले गरेको कामको वार्षिक विवरण प्रमुखमार्फत सभामा पेश गर्नुपर्नेमा वार्षिक विवरण सभामा पेश गरेको देखिएन । | |
| ६३. | **स्थानिय भत्ता** :भ्रमण खर्च नियमावली २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता,वैठक भत्ता, तालिम भत्ता,स्थानिय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाइने उल्लेख छ ।देहायका कर्मचारीले वर्षभरि भ्रमण गर्दा स्थानिय भत्ता खर्च कट्टी नगरेकोले भ्रमण अवधिमा खर्च लिएको स्थानिय भत्ता निजहरुवाट असुल उपर हुनुपर्ने रु | ७७,५५२/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| सि.नं | कर्मचारीको नाम पद | वार्षिक भ्रमण दिन | स्थानिय भत्ताको दर | प्रतिदिन को दर रु | असुल हुनुपर्ने स्थानिय भत्ता |
|---|---|---|---|---|---|
| १. | प्र.प्र.अ.विनोद सापकोटा | ५३ | ३९४० | १३१।३३ | ६९४३ |
| २. | ना.सु.दिपक प्रसाद नगरकोटी | ५७ | ३२१० | १०७ | ६०९९ |
| ३. | का.अ.टेक वहादुर खडका | ६३ | ३९४० | १३१।३३ | ८२७३ |
| ४. | ले.पा. रविन्द्र महरा | ४९ | ३२१० | १०७ | ५२४३ |
| ५. | स.ले.पा केशव न्यौपाने | ९७ | २७६० | ९२ | ८९२४ |
| ६. | स.इ. लोग व.खडका | ५१ | २७६० | ९२ | ४६९२ |
| ७. | ख.कृष्ण व. खडका | ४६ | २७६० | ९२ | ४२३२ |
| ८. | ख. नवराज जोशी | ४३ | २७६० | ९२ | ३९५६ |
| ९. | का.स. महाविर वोहरा | ३५ | २२४० | ७४।६६ | २६१३ |
| १०. | का.स. डम्वर व. खडका | ५२ | २२४० | ७४।६६ | ३८८२ |
| ११. | का.स. पदम श्रीमाल | ४० | २२४० | ७४।६६ | २९८६ |
| १२. | स.प्र मनि नाथ | ४१ | २२४० | ७४।६६ | ३०६१ |
| १३. | स्वा.इ..टे.अ.योगेन्द्र खडका | २६ | २७६० | ९२ | २३९२ |
| १४. | हे.अ. अनिल विष्ट | २५ | ३२१० | १०७ | २६७५ |
| १५. | प्रा.स. भिम थापा | १८ | २७६० | ९२ | १६५६ |
| १६. | का.स. लाल व.कुवर | ३१ | २२४० | ७४।६६ | २३१४ |
| १७. | म.वि.स.क. कल्पना थापा | ४९ | २७६० | ९२ | ४५०८ |
| १८. | स्रोत व्यक्ति रामआशिष ठाकुर | २९ | ३२१० | १०७ | ३१०३ |
| | **जम्मा** | | | | ७७५५२.० |

## समानिकरण पूँजीगत

६४. **बढी भुक्तानी :** उपभोक्तालाई सम्झौता अनुसार तोकिएको काम सम्पन्न भएपछि ठेक्का विल त्यसमा भएको परिमाण,मूल्यदर तथा खरिद विल परीक्षण गरी वास्तविक खर्चको आधारमा मात्र रकम भुक्तनी गर्नुपर्दछ । निम्न भौचर र मितिबाट उपभोक्ताहरुले खानेपानी योजना सम्पन्न गरेपछि पेश गरेको ठेक्का विलमा उल्लेख भएको पाईपको परिमाण र खनेको परीमाण बीच मेल नखाएको हुँदा वास्तविक खनेको रनिङ्ग मीटरको आधारमा पाईप रकमको भुक्तानी दिनुपर्नेमा बढी परिमाणको पाईपको रकम भुक्तानी दिएको हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर हुनुपर्ने रु.

| गो.भौ.नं./मिति | उपभोक्ताको नाम | विलमा पाईप प्रयोग | खनेको परिमाण | बढी पाईप प्रयोग | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४६/०७६/२/१ | खारखोला खा.पा.यो.उ.स. | १९०० | ८९१.३५ | १००८.६५ | ७४.६१ | ७५२५५.३७ |
| ५१/०७६/३/१० | कारीगाउँ चौकोट | १८०० | ८०० | १००० | ७३.८७ | ७३८७०.०० |

बेरुजू रकम: ३७३७८७/७९

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खा.पा.यो.उ.स | | | | | |
| ६१/०७६/२/२८ | पिडेली नुवाकोट खा.पा.यो.उ.स | ११०० | ६५१.८५ | ४४८.१५ | ९२.९० | ४१६३३.१३ |
| ७३/०७६/३/१८ | सुकिलीमारी तिउनगेटा खा.पा.यो.उ.स | ३००० | १०६६.६६ | १९३३.३४ | ९४.६७ | १८३०२९.२९ |
| जम्मा | | | | | | ३७३७८७.७९ |

६५. **कन्टेन्जेन्सी तर्फ :** ३४।०७६।३।२५ सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । ७ वडाका वडा सचिवको नामबाट समान दरमा भत्तावापत रकम निकाली योजना अनुगमन वापत सेतो कागजमा भर्पाई गरी रु.१०,५०,०००। वितरण गरेको देखियो । तोकिएको सुविधा भन्दा बाहेक आफ्नै वडामा योजना अनुगमन भत्ता पाउने आधार प्रमाण देखिएन । योजना अनुगमन वापत छुट्टै दैनिक भ्रमण भत्ता खर्च समेत खर्च लिएको अवस्था छ । तसर्थ तपसिलको भत्ता वापतको खर्च लेखेको रकम कर कट्टी बाहेक सम्बन्धित पदाधिकारी मार्फत छानविन गरी असुल उपर हुनुपर्ने रु.

बेरुजू रकम: ९,३४,९५०/

| वडा नं. | वडा सचिवको नाम | जम्मा खर्च | सा.सु.कर कट्टी | पारिश्रमिक कर कट्टी | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| १ | हरि ओम श्रेष्ठ | १५०००० | १४६२५ | ५२५ | १३४८५० |
| २ | कुमार सिंह आली | १५०००० | १४६२५ | ५२५ | १३४८५० |
| ३ | हेमराज जोसी | १५०००० | १४६२५ | ५२५ | १३४८५० |
| ४ | विर ब.खड्का | १५०००० | १४६२५ | ५२५ | १३४८५० |
| ५ | भिम ब.बोगटी | १५०००० | १४६२५ | ५२५ | १३४८५० |
| ६ | नरेश सिंह वोगटी | १५०००० | १४६२५ | ५२५ | १३४८५० |
| ७ | कुमार सिंह रावत | १५०००० | १४६२५ | ५२५ | १३४८५० |
| | **जम्मा** | **१०५००००/-** | **१०२३७५/-** | **३६७५/-** | **९४३९५०/-** |

६६. **पूर्ण साक्षरता घोषणा :** १८।०७६।३।१ गाउँपालिकाले सरकारी रकम खर्च गर्दा त्यसको सार्थकता समेत हुनु पर्दछ । गाउँपालिका भित्र बृद्ध भत्ता वितरण गर्दा बृद्धभत्ता बुझ्केको सेवाग्राही मध्ये अधिकाशंले हसताक्षर नगरी ल्याप्चे सहछाप गरेका छन । यसबाट गाँउपालिकामा भित्र पूर्ण साक्षरभएको देखिदैन । गाउँपालिका पूर्ण साक्षर नभई गाउँपालिका साक्षरता घोषण गरी शिक्षक रामशिव ठाकुर मार्फत रु.२,६०,०००। खर्च

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरेको छ । गाउँपालिका भित्र सवै जनता पूर्णसाक्षर नभएको अवस्थामा पनि उक्त कार्यक्रम गरी खर्च लेखेको अनियमित भएको रु.</td><td>२६००००/-</td></tr>
<tr><td>६७.</td><td>बैदेशिक भ्रमण : २८।०७६।३।२५ गाउँपालिका अध्यक्ष दिर्घराज बोगटी मिति २०७६।२।६ देखि २०७६।२।१२ सम्म मित्र राष्ट्र चिनको कुनमिन प्रान्तमा भ्रमण गर्न लिएको पेश्की रु.२०००००। फछ्र्यौटसँग सम्बन्धित फाँटवारी परीक्षण गर्दा निम्न अनुसार कैफियत देखिएकोले अनियमित देखिएको रु.<br><br>१) गाउँपालिका राष्ट्रिय महासघं नेपालको च.नं.११६।२०७५।७६ मिति २०७६।१।२२ को पत्रबाट सन्२०१९ मे २१ देखि २४ सम्म चीनको पिउ सहरमा आयोजना हुने UCLG- ASPAC Executive Burean first session and Dialogue on International Econamic and teade co-operative under belt and road Initiative मा सहभागी हुन पत्र लेखेको आधारमा भ्रमणमा अध्यक्ष सहभागी भएको देखियो ।<br><br>२) सामान्यतया बैदेशिक भ्रमण गर्नुपूर्व नेपाल सरकारको स्वीकृती लिनुपर्दछ । नेपाल सरकारको स्वीकृती वीना भ्रमण गर्दा सरकारी कोषबाट रकम खर्च लेख्नु हुदैन ।<br><br>३) बैदेशिक भ्रमणमा जादाँ आयोजक राष्ट्रले सामान्य तया आउने जाने टिकट,पकेट खर्च जस्ता खर्च आफै व्यहोर्ने चलन छ । आयोजक राष्ट्र चीनले केकस्तो सुविधा उपलव्ध गराएको हो त्यसको विवरण संलग्न श्रेस्ता उपलव्ध छैन ।<br><br>४) काठकाण्डौबाट चिन जाँदा र आउदा रु.३५०००। को दरले भाडा रु.७००००। र जाने आउने दिन सहित ७ दिनको रु.३९८००। दैनिक भत्ता लिएको देखिन्छ । संलग्न फाँटवारी मा हवाईजहाजको मूल्य खुलेको प्रमाण देखिदैन भने भ्रमण भत्ताको दर र सटही दर समेत देखिएन ।<br><br>५) भ्रमण गर्नुपूर्व गाउँपालिकाको मिति २०७६।२।२७ बैठकमा भ्रमण स्वीकृत एवं खर्च अनुमोदन र गाउँसभाको मिति २०७५।१।११ बैठकबाट भ्रमण सर्वसम्मतिले स्वीकृत गरेपनि खर्च अनुमोदन गरेको छैन ।</td><td>२०००००/-</td></tr>
<tr><td>६८.</td><td>बहुक्षेत्रिय पोषण कार्यक्रम :<br>प्रमाण वेगर खर्च : विभिन्न कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की फछ्र्यौट गर्दा कार्यक्रमले तोकेको सिमा भित्र रही खर्च भएको छ छैन र खर्च रकमले कार्यक्रम सञ्चालनमा उपादेयिता प्रमाणित भएको हुनुपर्दछ । देहायको व्यक्तिहरुले बहुक्षेत्रिय पोषण सम्बन्धि विविध कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की फछ्र्यौट सँग सम्बन्धित फाँटवारी परीक्षण गर्दा कार्यक्रममा उक्त खर्च भएको प्रमाणित आधार प्रमाण पेश नभएकोले निजहरुबाट उक्तरकम असुल उपर हुनुपर्ने देखिएको रु.<br><br>
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की फछ्र्यौट रकम</th><th>खर्च प्रमाणित नभएको रकम</th><th>कैफियत</th></tr>
<tr><td>२४/०७६/३/२०</td><td>पोषण स्वयमसेवक अनिल किरण</td><td>२५९९९८.००</td><td>१११६००.००</td><td>कामना डिजिटल फोटो स्टुडियो एण्ड फ्लेक्स प्रिन्टबाट रु.९७८५०। को फ्लेक्स प्रिन्ट र अन्य सामान रु.१३७५०। को खर्च पाउने आधार नभएको</td></tr>
</table></td><td>४०४१७५/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २३/०७६/३/२० | विष्ट | ४१८५१०.०० | ११५९२०.०० | कामना डिजिटल फोटो स्टुडियो एण्ड फ्लेक्स प्रिन्टबाट बाट रु.९८४२०। फ्लेक्स प्रिन्टको रु.१७५००। अन्य सामान खरिद गरी खर्च लेखेको पाउने आधार नभएको |
| १८/०७६/३/२० | | ३०३६००.०० | १५६६५४.०० | विभिन्न पसलबाट सामान खरिद विल राखी खर्च लेखेको पाउने आधार नभएको |
| १७/०७६/३/२० | | ११३७८०.०० | २००००.०० | कामना डिजिटल फोटो स्टुडियो एण्ड फ्लेक्स प्रिन्टको विल राखी खर्च लिएको आधार नभएको । |
| **जम्मा** | | | ४०४१७४/- | |

६९. **अग्रिम कर :** २३।०७६।३।२० पोषण संयोजक अनिल किरण विष्टले कार्यक्रम सञ्चालन गर्न लिएको पेश्की रु.४१८५१०। फछ्र्यौट सँग सम्बन्धित फाँटवारीमा शैलेश्वरी एफ एम लाई विभिन्न सन्देश प्रशारण गरेवापत रु.५६०००। भुक्तानी दिएकोमा आयकर ऐन २०५८ को दफा ८८ अनुसार १५ प्रतिशतको दरले रु.८५५०। अग्रिमक कर कट्टी गर्नुपर्नेमा कर छुट देखिएको छुट कर रकम पेश्की फछ्र्यौट गर्ने व्यक्तिसँग असुल फछ्र्यौट हुनुपर्ने रु. — ८५५०/-

७०. **सोझै खरिद :** भौ.नं १३/२०७५।११।१९, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) अनुसार सोझै खरिद गर्दा कार्यालयले मौजुदा सूचीमा रहेको कम्तीमा तीन वटा फर्मसँग लिखितरुपमा दरभाउपत्र माग गरी सबैभन्दा न्यून दरभाउपत्र पेश गर्ने फर्मसँग वस्तु वा सेवा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । आलुको विउ वितरण कार्यक्रमकालागि कार्यालयले उग्रतारा सित भण्डार उद्योगबाट आलुको विउ खरिद गरी रु.३,००,०००.०० भुक्तानी गरेको छ । विउ खरिदकालागि अन्य फर्मसँग दररेट माग नभएकोले नियमावलीको नियम ८५(४) व्यवस्था विपरित सोझै खरिद गर्ने कार्य नियन्त्रण हुन पर्दछ ।

७१. **अग्रिम कर:** आय कर ऐन,२०५८ को दफा ८८ मा सेवा भुक्तानीमा १५ प्रतिशतको दरले श्रोतमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । एफ एम रेडियोहरु मू.अ.करमा दर्ता समेत भएको प्रमाण पेश नभएको र देहाय अनुसारका एफ एम रेडियोले सन्देशमूलक सूचना प्रशारण गरेकोमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा कर कट्टी छुट भएको देखिएकोले छुट कर सम्बन्धित फर्मबाट असुल उपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. — ५३६४४/-

| गो.भौ.नं./मिति | संस्था तथा व्यक्ति | कार्यक्रम विवरण | भुक्तानी रकम | कट्टा गर्नुपर्ने | कर कट्टा रकम | कम कट्टा रकम |
|---|---|---|---|---|---|---|
| ५१।०७६।३।२० | रेडियो डोटी | सन्देश प्रशारण | १५०००० | २२५०० | ० | २२५०० |
| ६७/०७६/३/२० | सामाजिक विकास | लक्षित वर्ग | १६०००० | २४००० | ८७५६ | १५२४४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | केन्द्र | आय आर्जन | | | | |
| ४४/०७६/२/३० | clear vision Nepal,कैलाली | पूर्ण सरसफाई | १३०००० | १९५०० | ३६०० | १५९०० |
| | | | | | **जम्मा** | **५३६४४/-** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७२. | **आम्दानी रकम असुली :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(२) बमोजिम गाँउपालिकाले उपलब्ध गराएको सेवा उपयोग गरेबापत सम्बन्धित सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्नेछ । गाँउपालिकाले एक्जाभेटर भाडामा लगाएबापत खिरसैन छेपलाडी गडवाडा सडक उपभोक्ता समितीसँग मिती २०७६।३।६ मा प्रतिकार्यदिन रु.२०,०००.०० का दरले थप र कार्यदिन समय ८ घन्टाभन्दा बढी प्रयोग भएमा प्रतिघन्टा रु.३,०००.०० का दरले शुल्क लाग्ने गरी सम्झौता गरेको छ । एक्जाभेटर प्रयोगको प्रमाणित लगबुक अनुसार मेसिन ९ कार्यदिन र ६० घन्टा प्रयोग भएको देखिन्छ । सम्झैता अनुसार सो बापत हुन आउने कुल शुल्क रु.३,६०,०००.०० सम्बन्धित उपभोक्ताले दाखिला गर्नुपर्नेमा मिती २०७६।४।२ मा रु.२,००,०००.०० मात्र दाखिला भएको पाईयो । लेखापरिक्षण अवधिसम्म उपभोक्ता समितीले रकम दाखिला नगरेको हुँदा बक्यौता शुल्क रु.१,६०,०००.०० तथा जरिवाना समेत हिसाब गरी सम्बन्धित उपभोक्ता समितीबाट असुल गरिनुपर्ने रु | १६००००.० |
| | गाँउपालिकाले पूर्वीचौकीमा यात्रुबाट निश्चित भाडा लिने गरी सार्वजनिक यातायात संचालन गरेको छ र भाडा उठाउने जिम्मेवारी सह चालक नियुक्त गरी निजलाई दिएको छ । सह चालकले टिकटमार्फत यात्रुबाट उठाएको भाडाको सम्पुर्ण रकम गाउँपालिकाको आम्दानी खातामा दाखिला गर्नुपर्नेमा आ.व २०७५।७६ मा उठेको भाडा रकममध्ये सह चालक चक्र बहादुर थापाले रु ८०८०.०० र गणेश बा.खड्काले रु २३७१००.०० दाखिला नगरेको, गाउँकार्यपालिकाको कार्यालयको प.सं २०७६।७७, च.नं २६४, मिती २०७६।५।२४ को पत्रबाट खुल्न आएकोले, सो सम्बन्धमा कार्यालयले आवश्यक छानबिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु | २४५१८०.० |
| | **दैनिक भ्रमण भत्ता तथा पदाधिकारी सुविधा सम्बन्धी खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ७३. | **भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>● भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>● कतिपय भ्रमणहरु गाउँपालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>● स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ७४. | **दैनिक भ्रमण भत्ता** : कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीलेभ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नूपर्दछ । यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार निर्वाचित पदाधिकारीहरुले रु.११,४७,४००। भ्रमण खर्च लिएका छन् । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेको र भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार समेत देखिएन । भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको दुरुपयोग हुने जोखिम देखियो । यसवर्ष गाउपालिकाका, अध्यक्ष उपाध्यक्ष , वडा अध्यक्ष तथा सदस्यहरुले अनुगमनका नाममा रु.११,४७,४००। दैनिक भ्रमण खर्च लिएको देखियो । यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ । | |

| सि.नं | पदाधिकारीको नाम र पद | वार्षिक भ्रमण दिन | भ्रमण खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | अध्यक्ष दिर्गराज वोगटी | ९३ | ३५३०००/ | योजना अनुगमन तथा चीन भ्रमण समेत |
| २. | उपाध्यक्ष निर्मला साउद | १२० | १९५५०/ | योजना अनुगमन समेत |
| ३. | वडाध्यक्ष अम्मर वहादुर चयडा | ४९ | ७१२५०/ | योजना अनुगमन समेत |
| ४. | वडाध्यक्ष प्रकाश साउद | ३९ | ५१७००/ | योजना अनुगमन समेत |
| ५. | वडाध्यक्ष देव वहादुर थापा | ७७ | १०९६००/ | योजना अनुगमन समेत |
| ६. | वडाध्यक्ष पदम वहादुर धानुक | ७७ | १२०३००/ | योजना अनुगमन समेत |
| ७. | वडाध्यक्ष नवराज खडका | ८४ | १०५०००/ | योजना अनुगमन समेत |
| ८. | वडाध्यक्ष योगेन्द्र वहादुर ठकुल्ला | ५३ | ५४६००/ | योजना अनुगमन समेत |
| ९. | वडा अध्यक्ष अंक वहादुर खडका | ५२ | ५९२००/ | योजना अनुगमन समेत |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | १०. वडा सदस्य स्मृती चुनारा — ७ — ८९५०/ — योजना अनुगमन समेत<br>११. वडा सदस्य प्रेम भण्डारी — ७ — ९२५०/ — योजना अनुगमन समेत<br>१२. वडा सदस्य भरत साउद — ९ — ८१००/ — योजना अनुगमन समेत<br>जम्मा — ११,४७,४००/ | |

| | | | | |
|---|---|---|---|---|
| १०. | वडा सदस्य स्मृती चुनारा | ७ | ८९५०/ | योजना अनुगमन समेत |
| ११. | वडा सदस्य प्रेम भण्डारी | ७ | ९२५०/ | योजना अनुगमन समेत |
| १२. | वडा सदस्य भरत साउद | ९ | ८१००/ | योजना अनुगमन समेत |
| | | जम्मा | ११,४७,४००/ | |

७५. **भ्रमण अभिलेख तथा प्रतिवेदन** : भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा सोअनुसार गर्ने गरेको पाईएन । तोकिए बमोजिम भ्रमण अभिलेख राख्ने तथा प्रतिवेदन पेश गर्नुपर्दछ ।

७६. **वडा कार्यालयबाट भएको खर्च :** गाउँपालिकाले वडा कार्यालयलाई जम्मा रु.५५,७८,३७८।८१ भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु नगर कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।

७७. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु. ४२,१९,२००/- सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २३ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३६०००० | ३००००० | १६८०००० | ४३२००० | १३८०००० | ४१५२०००/- |
| २. | सञ्चार सुविधा (बार्षिक) | १३२०० | १२००० | ४२००० | ० | ० | ६७२००/- |
| | | | | | | जम्मा | ४२१९२००/- |

७८. **पदाधिकारी अन्य सुविधाः** सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको सुबिधावाहेक बर्ष भरी बैठक भत्ता रु. १८,९७,३१२। सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु. — १८९७३१२/-

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७९. | **आर्थिक सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुन:स्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलव्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी गाउँ कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु.५,०००। देखि रु.३०,०००। माथिको जम्मा रु.१,९८,०००। आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा आवश्यक कानून तथा कार्यविधि बनाई सोको आधारमा सदुपयोग हुने गरी वितरण गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ । | |
| | **बिषयगत कार्यक्रमको लेखापरीषणबाट देखिएका व्यहोरा** | |
| | **शिक्षा तर्फ** | |
| ८०. | **दुई कोठे फर्निचरसहितको नयाँ कक्षाकोठा भवन निर्माण :** भौ.नं २१/२०७६/३/२५ कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५।७६ को क्रियाकलाप नं ८.२.३.३१.१० मा दुईकोठे फर्निचरसहितको कक्षाकोठा निर्माण गर्दा कर्कटपाताले छाना छाउने विद्यालयले अनिवार्य रुपमा ४ मि.मि बाक्लो प्लाईउड वा कम्तीमा समान गुणस्तर भएका अन्य सामग्रीको सिलिङ्ग सहितको भवन निर्माण गर्नुपर्ने कुरा उल्लेख छ । गाँउपालिकालाई आ.ब २०७५।७६ मा संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत प्राप्त दुई कोठे फर्निचरसहितको नयाँ कक्षा कोठा भवन निर्माणबापत प्राप्त अनुदानमध्ये श्री भागेश्वरी आ.बि.लाई रु १५,०९,०००.०० भुक्तानी गरेको छ । कार्यालयले उक्त विद्यालयहरुको कक्षाकोठा निर्माणको लागत अनुमानमा प्लाईउड वा सिलिङ्ग लगाउने कार्य उल्लेख गरेको छैन र सो कुरा कार्यसम्पन्न प्रतिवेदनमा समेत प्रमाणित भएको छैन । यसरी संघिय सरकारको योजना कार्यान्वयनमा कार्यालयले प्राप्त निर्देशिका पालना गर्नुपर्ने र सो बमोजिम रकम भुक्तानी गर्नुपर्ने देखिन्छ । साथै प्रमाणित कार्यसम्पन्न बमोजिम फर्निचर बापत रु.४३,५००.०० रकम भुक्तानी भएकोमा, सो कार्य पुष्ट्याँई गर्ने बिल भर्पाई पेश नभएकोले खर्च पुष्टीको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनपर्ने रु. | ४३५००/- |
| ८१. | **अघिल्लो आ.ब को भुक्तानी :** १/२०७६।६।१८, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(८) बमोजिम भुक्तानी दिन बाँकीको कच्चवारीमा रहेको खर्च रकममध्ये तलब, भत्ता, सरुवा भ्रमण खर्च, भाडा, लुगा तथा खाद्य पदार्थ, बिरामी र बन्दीको सिदा, दाबी प्राप्त भईसकेको निवृत्त सुविधा भुक्तानी दिन बाँकी रहेमामात्र चालु आ.ब को सम्बन्धित बजेट रकमबाट भुक्तानी खर्च दिन सकिनेछ । कार्यालयले आ.ब २०७४/७५ को विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतको निशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, लेखापरिक्षण, SIP अनुदान, निरन्तर विद्यार्थी मूल्याङ्कन PCF अनुदान गरी रु १७६३६००.०० नपुग अनुदान कुल ४६ | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | विद्यालयलाई सर्शत अनुदान रकमबाट खर्च भुक्तानी गरेको छ । नियम ४०(८) मा तोकिए बाहेकको खर्च शिर्षकको रकम दायित्व सिर्जना गरी कार्यालयले भुक्तानी गरेको रु १७,६३,६००.०० संघिय संचित कोषमा फिर्ता गरिनुपर्ने रु | १७६३६००/- |
| | **स्वास्थ्य तर्फ** | |
| ८२. | **करकट्टी :** ३४/२०७६।३।२०, आयकर ऐन,२०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । गाँउपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुको सामाजिक परिक्षण बापत कार्यालयले रु १,००,०००.०० रकम वातावरण तथा मानव संसाधन विकास समाज नेपाललाई भुक्तानी गरेकोमा ऐन अनुसार १५ प्रतिशतका दरले हुनआउने रु १५,०००.०० करकट्टी गर्नुपर्नेमा करकट्टी गरेको पाईएन । तसर्थ ऐन बमोजिम रु १५,०००.०० रकम करकट्टी नभएकाले छुट कर निजबाट असुल गर्नुपर्ने रु | १५०००/- |
| ८३. | **आमा सुरक्षा कार्यक्रम :** ९।२०७६।१२।१०, संघीय सरकारबाट हस्तान्तरीत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा कार्यक्रम अन्तर्गत सुत्केरी यातायात खर्च, प्रसुती गराएबापत स्वास्थ्य चौकीलाई प्रदान गरिने रकम र चार पटक गर्भवती जाँच वापतको भत्ताको रकम कार्यालयले नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रकमबाट भुक्तानी गरेको छ । सोही कार्यक्रम बापतको रकम वित्तिय समानीकरण अनुदानबाट समेत स्वास्थ्य चौकीलाई भुक्तानी गर्न स्वास्थ्य संयोजक योगेन्द्र बहादुर खड्काले रु ४,१९,०००.०० रकम बुझिलिएको भएतापनि, सो खर्च पुष्टि गर्ने अनुसुची-६,आमा सुरक्षा कार्यक्रम मासिक प्रतिवेदन, अनुसुची-३,निशुल्क प्रसुती सेवा लिएबापत यातायात खर्च बुझेको भर्पाई, ANC कार्ड लगायत तोकिएका कागजातहरु स्वास्थ्य संस्थाहरुबाट पेश नभएकोले, खर्च पुष्टिका प्रमाणहरु पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ४१९०००/- |
| | **सामाजिक विकास तर्फ** | |
| ८४. | **बढी भुक्तानी :** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१५ अनुसार गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, जस्ता समारोह उद्घाटन, समापन मा सहभागीहरुलाई प्रतिदिन प्रति व्यक्ति पाउने पारिश्रमिक तथा अन्य सुविधा उल्लेख छ । सो अनुसार तालिममा सहभागीहरुलाई सो मापदण्ड भन्दा बढीमा खर्च गरी तालिम सञ्चालन गर्नु परेमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाद्धारा सञ्चालित विभिन्न कार्यक्रमहरुमा निम्नानुसार निर्देशिकाले तोकेको दरभन्दा बढी दरले खर्च लेखेको कार्यक्रम सञ्चालकबाट असुल गर्नुपर्दछ रु. | ४२०७५/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| गो.भौ.नं./मिति | कार्यक्रम | पारिश्रमिक भुक्तानी भएको विषय | व्यक्ति | तोकेको दर | बढी दर | संख्या | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|
| ३१/०७६/२/८ | लैङ्गिक हिंसा तथा महिला सशक्तिकरण | प्रतिवेदनको पारिश्रमिक | उपेन्द्र कठरीया | १००० | ५००० | १ | ५००० |
| | | | सिता वि.क | १००० | ३००० | १ | २००० |
| ६१/०७६/३/२० | गा.पा.स्तरिय अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि तालिम | प्रतिवेदनको पारिश्रमिक | सिता माझी | ६०० | १९०० | ३ सेशन | ५७०० |
| | | | महादेव भारती | ६०० | १९०० | ५ सेशन | ९५०० |
| ६४/०७६/३/२० | हातेहोजियारी तालिम ९० दिने | संयोजक भत्ता( अधिकतम १५ कार्यदिनको प्रतिदिन ३००।,१५ दिन पछि प्रतिदिन रु.१५०। का दरले | कल्पना कुमारी थापा | ३००/१५० | ३०० | ९० दिन | ११२५० |
| | | सहयोगि भत्ता( अधिकतम १५ कार्यदिनको प्रतिदिन १५०।,१५ दिन पछि प्रतिदिन रु.७५। का दरले | बिस्ना खड्का | १५०/७५ | १५० | ९० | ५६२५ |
| | | प्रतिवेदन शुल्क | कल्पना कुमारी थापा | १००० | १००० | १ | ३००० |
| | | | | | | जम्मा | ४२०७५/- |

८५. ३८।०७६।२।१५ लेखा राख्दा विलभरपाई सहित राख्नुपर्नेमा कार्यालयको बार्षिक कार्यक्रम अन्तरगत बाखागोठ सुधार कार्यक्रम (दलित वर्ग लक्षित) मा ७ वटा समुहको लागि रु.७०,०००। को लागत अनुमान तयार गरी जनश्रमदान कट्टी गरी प्रविधिक विलमा रु.६६५००। मात्र भुक्तानी गर्नुपर्ने उल्लेख भएकोमा रु.७०,०००। पुरै रकम भुक्तानी गरेकोले बढी रकम रु.३,५००। सम्बन्धितबाट असुल गर्नुपर्ने रु. — ३५००/-

८६. **भुक्तानी दिन बाकीँको विवरण तयार नगरेको** : चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनपर्ने कारण खोली तोकिएको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गतेभित्र कार्यालय प्रमूख र को.ले.नि.का.बाट प्रमाणित गराई राख्नुपर्नेमा कार्यालयले ना.सु कमला ऐरको २०७४।७५ को तलव भत्ता दायित्व भुक्तानीको कच्चावारी तयार नगरी रु.७०,९४४।०० भुक्तानी गरेको देखियो । गत बर्षको रकम चालु आ.व.मा भुक्तानी गर्दा भुक्तानी दिन बाँकीको कच्चावारी तयार गरी भुक्तानी गर्नुपर्ने ।

**सामाजिक सुरक्षा कार्यक्रमको लेखापरीक्षणबाट देखिएका व्यहोरा**

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८७. | **अभिलेख अद्यावधिक तथा बढी भुक्तानी:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट  खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । | |
| ८७.१. | गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.४,३९,४६,४००.०० नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले ब्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । | |
| ८७.२. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । | |
| ८७.३. | गाउँपालिकाको निकासाको आधारमा पहिलो र पाँचौ स्थानको वडाहरुको सामाजिक सुरक्षा भत्ता परीक्षण गर्दा निम्न वडाको सामाजिक सुरक्षा भत्ता दोहोरो वितरण गरेको देखिएकाले उक्त दोहोरो परेको रु.५५,४००। भत्ता सम्बन्धित वडा सचिबलाई जिम्मेवार बनाई असूल गर्नुपर्ने तथा अन्य वडाहरुको सम्बन्धमा कार्यालयले छानविन गर्नुपर्दछ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता बैंक मार्फत भुक्तानी गर्नु पर्ने रु. | ५५४००/- |

| वडा नं. | नाम | लक्षित समूह | दर | रकम | चौमासिक | कैफियत |
|---|---|---|---|---|---|---|
| ५ | रमिला तिरुवा | वा.द | ४०० | ४८०० | तीन चौमासिक | |
| | जगुदेवी ढोली | जे.ना.द | १००० | १००० | दोस्रो | उमेर परा भएको |
| | धनी देवी साउद | जे.ना.अ. | २००० | ८००० | दोस्रो | |
| | जुनु देवि लोहार | विधवा | १००० | ८००० | दोस्रो र तेस्रो | |
| | धनी देवी धानूक | विधवा | १००० | ४००० | दोस्रो | |
| | पारु देवी वटाला | विधवा | १००० | ४००० | दोस्रो | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लाली साउद | विधवा | १००० | ४००० | दोस्रो | |
| | रोशनी ढोली | वा.द | ४०० | ४८०० | तीन चौमासिक | |
| | धर्म साउद | वा.अन्य | ४०० | १६०० | दोस्रो | |
| | महेश्वरी साउद | वा.अन्य | ४०० | १६०० | दोस्रो | |
| १ | जिव ब.विष्ट | बा.द | ४०० | १६०० | तेस्रो | |
| ७ | विधवा | लघु देवी साउद | १००० | १२००० | तीन चौमासिक | दोहोरो फोटो राखी भुक्तानी |
| जम्मा | | | | ५५४००/- | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।** | |
| ८८. | २४६।०७६।३।१५ श्री विसन नेपालीलाई आ.स.भुक्तानी गरेकोमा प्रमाण कागजात नपुगेको रु. | १५०००/- |
| ८९. | २५७।०७६।३।२० डोटी बहिरा संघलाई गरेको भुक्तानी अनुसार विल पेश नभएको रु. | १००००/- |
| ९०. | २५९।०७६।३।२० राष्ट्पति रनिगं सिल्ड वापत राम नरेश राय यादवलाई भुक्तानी गरेको रकमको निर्णय संलग्न हुनुपर्ने रु. | १०००००/ |
| ९१. | २०५।०७६।३।२५ श्री सरस्वती मावि क्यानटिन निर्माण तथा चर्पी निर्माण उपभोक्ता समितिलाई भुक्तानी गरेको विलमा नाम ठेगाना उल्लेख नगरी विल पेश गरेको रु.१५१०४४।८७ र उत्तम भण्डारीको नाममा विल भुक्तानी गरेको रु.७२३२०। समेत रु.२२३३६४।८७ नियम सम्मत मान्न नसकिने रु. | २२३३६४/८७ |
| ९२. | १७।०७६।३।२० श्री काठमाण्डौ ट्रेनिङ्ग सेन्टर काठमाण्डौ कोटेश्वरलाई भुक्तानी गरेको रकममा प्रशिक्षक शुल्क वापत खर्च गरेको रकमको भर्पाई पेश नगरेको रु. | १९२०००/- |

# पूर्विचौकी गाउँपालिकाको सञ्चित कोष विवरण
## २०७५।७६

**अनुसूची १**

(रु.हजारमा)

| क्रं.स | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | पूर्वीचौकी गाउँपालिका | डोटी | ३२१२८ | ८८६६२ | १९४९४५ | ५७१२० | ३४०७२७ | २४८१७० | ९४८६२ | १७५८२ | ३६०६१४ | १२२४१ |

**अनुसूची-२**

# बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)
## २०७५।७६

(रु.हजारमा)

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | पूर्वीचौकी गाउँपालिका | ६५ | ३२ | ९६५८ | ० | ० | ० | ६५ | ३२ | ९६५८ | ५७३३ | २५८१ | १३४४ | ० | ० | ३९२५ | ० | ० | ० |

**अनुसूची-३**

# अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्यौंट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्वीचौकी गाउँपालिका | डोटी | २७१९४ | ० | २७१९४ | ० | ९६५८ | ३६८५२ |